# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ७६) काठमाडौं, भदौ ३१ गते, २०८३ साल (अतिरिक्ताङ्क ४०**

# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकार मन्त्रिपरिषद्ले आर्थिक ऐन, २०८३ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (२) को खण्ड (क) बमोजिम लाग्ने लाभ रकममा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीन सय पैंसट्ठी दिनभन्दा बढी अवधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वामित्वमा रहेको हितको लाभ रकमको तीन दशमलव सातपाँच प्रतिशत र तीन सय पैंसट्ठी दिन वा सोभन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत कायम गर्ने,

(ख) आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (४) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) बमोजिम लाग्ने लाभ रकममा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा तीन सय पैंसट्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा तीन दशमलव सातपाँच प्रतिशत र तीन सय पैंसट्ठी दिन वा सोभन्दा कम अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशत कायम गर्ने।

**आज्ञाले,**
**डा. घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.ह.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।